मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अधिकारीको नेतृत्वमा कानुन ब्यबसायी पूर्वअध्यक्ष मञ्च गठन

हेटौंडा, २९ जेठ/मकवानपुरमा रहेर जिल्ला र उच्चबारको नेतृत्व गरिसकेका बारका पूर्वअध्यक्षहरुको मंगलबार भएको भेलाले कानुन ब्यबसायी पूर्वअध्यक्ष मञ्च गठन गरेको छ । मञ्चको संयोजकमा अधिबक्ता मुकुन्द अधिकारी चयन भएका छन् । मञ्चको सहसंयोजकमा अमृत लामा, सचिवमा ईश्वरी अधिकारी, कोषाध्यक्षमा अप्सरा बस्नेत चयन भएका छन् । यस्तै सदस्यहरुमा युवराज ओली, मदन दाहाल, पुष्कबहादुर थापा, युवराज खतिवडा, केशव गौतम चयन भएका छन् । मञ्चको सल्लाहकारमा बरिष्ठ अधिवक्ताहरु सूर्यचन्द्र न्यौपाने, एकराज बास्तोला, अर्जुन उप्रेती र ईश्वरराज ढकाल चयन गरिएको छ । मञ्चले अदालतमा स्वच्छ सुनुवाईको वातावरण निर्माण गरी अदालतप्रति सर्बसाधारणको सम्मान बढाउन भूमिका निर्बाह गर्ने बताइएको छ । बार र बेन्चसँग सहकार्य गर्दै सामाजिक क्षेत्रमा समेत प्रभावकारी भूमिका निर्बाह गर्ने अध्यक्ष अधिकारीले बताएका छन् ।

# विपद् व्यवस्थापनमा बागमती प्रदेशको १० करोड खर्च

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा विपद् व्यवस्थापनका लागि करिब १० करोड रुपैयाँ खर्च गरेको छ । गत असोज ११ र १२ को अविरल वर्षाको कारण बढी क्षति पुगेको १० जिल्लामा प्रदेश विपद् व्यवस्थापन कोषमार्फत् ९ करोड ९० लाख प्रदान गरिएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ ।

यो रकम विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, तत्काल राहत, उद्दार र पुन:स्थापनामा खर्च गरिएको विपद् व्यवस्थापन समन्वय शाखाअधिकृत टीका शर्माले जानकारी दिएका छन् । चालु आर्थिक वर्ष २०८१/८२ मा विपत् व्यवस्थापनका लागि १० जिल्लालाई दुई करोड ५० लाख रुपैयाँ पठाइएको शाखा अधिकृत शर्माले बताए । उनका अनुसार जिल्ला विपत् व्यवस्थापन समिति काभ्रेलाई ६० लाख, धादिङलाई ५० लाख, काठमाडौंलाई ३० लाख, ललितपुरलाई ३० लाख, रामेछापलाई २० लाख, सिन्धुपाल्चोकलाई २० लाख र दोलखा, सिन्धुली, मकवानपुर र भक्तपुरका लागि १०/१० लाख रुपैयाँका दरले विपत् व्यवस्थापनका लागि रकम पठाइएको हो ।

खोज, उद्दार तथा प्रतिकार्यका लागि प्रदेश सरकारले प्रदेशका १३ वटै जिल्ला विपत व्यवस्थापन कोषमा पाँच लाख रुपैयाँका दरले ६५ लाख रुपैयाँ पठाएको छ । त्यसैगरी नेपाल सरकारबाट विपत् संकटग्रस्तक्षेत्र घोषणा भएको स्थानीय तहलाई सात करोड रुपैयाँ पठाइएको छ । बागमती प्रदेश सरकारको मन्त्रीपरिषद्बाट निर्णय गरेर आवश्यकता र औचित्यका आधारमा उच्चक्षति




भएका स्थानीय तहलाई यो रकम पठाइएका हो ।

काभ्रेको रोशी गाउँपालिका, तेमाल गाउँपालिका, पनौती नगर पालिका, बेथानचोक गाउँपालिका, सुनकोशी गाउँपालिका, महाकाल गाउँपालिका र मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकालाई २० लाख रुपैयाँका दरले रकम पठाइएको हो । गोदावरी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका (मकवानपुर), जुगल गाउँपालिका, लिसंखुपाखर गाउँपालिका, सूर्यविनायक नगरपालिका, बागमती गाउँपालिका (ललितपुर), चन्द्रागिरि नगरपालिका, नागार्जुन खोज, उद्दार तथा प्रतिकार्यका लागि प्रदेश सरकारले प्रदेशका १३ जिल्लाका जिल्ला विपत् व्यवस्थापन कोषमा पाँच लाख रुपैयाँका दरले ६५ लाख रुपैयाँ पठाएको छ ।

खाँडादेवी गाउँपालिका, बिगु गाउँपालिका र गजुरी गाउँपालिकालाई १५ लाख रुपैयाँका दरले विपत् व्यवस्थापनका लागि रकम उपलब्ध गराइएको शर्माले जानकारी दिएका छन् । शैलुङ गाउँपालिका, गौरीशंकर गाउँपालिका, तामाकोशी गाउँपालिका, बेनीघाटरोराङ गाउँपालिका, नेत्रावती डब्जोङ गाउँपालिका, धुनीबेंसी नगरपालिका, गोकुलगंगा गाउँपालिका, दोरम्बाशैलुङ गाउँपालिका, मन्थली नगरपालिका, रामेछाप नगरपालिका, सुनापति गाउँपालिका, लिखुतामाकोशी गाउँपालिका, उमाकुण्ड गाउँपालिका गोलन्जोर गाउँपालिका, फिक्कल गाउँपालिका, बकैयालगायतका पालिकालाई विपत् व्यवस्थापनका लागि १०/१० लाख रुपैयाँ उपलब्ध गराइएको थियो ।

विपद्बाट प्रभावित भई उच्चक्षति भएर पहिलो चरणमा छुटेका स्थानीय तहलाई पुन: प्रदेश सरकारले विपत् व्यवस्थापनका लागि एक करोड २० लाख रुपैयाँ उपलब्ध गराएको थियो । मन्त्रालयले भुम्लु गाउँपालिका, खानीखोला गाउँपालिका, पाँचखाल नगरपालिका, भरतपुर महानगर पालिका, खनियाँबास गाउँपालिका, भीमफेदी गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, बाह्रबिसे नगरपालिका, बलेफी गाउँपालिका, दक्षिणकाली नगरपालिका, महालक्ष्मी गाउँपालिका र थाक्रे गाउँपालिकालाई १०/१० लाख रुपैयाँ उपलब्ध गराएको थियो ।

रोसी गाउँपालिकालाई पहिलोचरणमा उपलब्ध गराइएको रकम अपुग भएपछि प्रदेश सरकारले पुन: दोस्रोपटक १२ लाख रुपैयाँ उपलब्ध गराएको हो । दोलखाको तामाकोशी गाउँपालिकामा प्रदेश सरकारले ३० प्रतिशत साझेदारीमा मनसुनजन्य विपद्बाट क्षतिग्रस्त आवास पुनर्निर्माणका लागि आठ लाख १० हजार रुपैयाँ उपलब्ध गराएको थियो । नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको विपद्बाट क्षतिग्रत संरचना मर्मतसम्भारका लागि स्थानीय तहमार्फत प्रदेश सरकारले ४० लाख रुपैयाँ उपलब्ध गराएको थियो ।

इन्द्रसरोवर गाउँपालिका, सुनकोशी गाउँपालिका, गोलन्जोर गाउँपालिका, मन्थली नगरपालिका, चौतारा साँगाचोकगढी नगर पालिकामार्फत यो रकम उपलब्ध गराइएको हो । त्यस्तै दोलखाको चरीकोट, सिन्धुपाल्चोकको बनदेउ, मकवानपुरको हेटौंडा, चितवनको भण्डारा, कुरिनटारलाई सशस्त्र प्रहरी बलमार्फत विपत् व्यवस्थापन गोदामघर निर्माणका लागि ३० लाख रुपैयाँ उपलब्ध गराइएको छ । विपत् उद्दार तथा राहत सामग्री भण्डारण तथा वितरणलाई व्यवस्थित बनाउन हेटौंडा, नुवाकोट र काभ्रेस्थित गोदामघरमा ऱ्याक निर्माण भएको जानकारी दिँदै शर्माले बागमती प्रदेशभित्रका सम्पूर्ण जिल्लामा विपत् जोखिम नक्सांकन कार्य भइरहेको बताए ।

विपद् व्यवस्थापनका लागि क्षमता विकास कार्यक्रम अन्तर्गत संघीय सरकार, स्थानीय तह, सुरक्षाकर्मी, रेडक्रस, गैरसरकारी संस्था, तथा स्थानीय समुदायसँग सहकार्यमा आधारित विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउने प्रदेश सरकारको लक्ष्य रहेको मन्त्रालयले जनाएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयकाअनुसार विपद् व्यवस्थापनका लागि कानुनी संरचना बलियो बनाउन र दीर्घकालीन र णनीति निर्माण गर्ने कार्य अघि बढाइएको छ । प्रदेश विपद् व्यवस्थापन नीति र कार्ययोजना निर्माण प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

# हेटौंडामा ६५ लाख लगानीमा 'चियालय' सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/हेटौंडा उपमहानगरपालिका-४, बासुदेव मार्गमा नयाँ व्यावसायिक 'चियालय' संचालनमा आएको छ । स्थानीय फिरोज खान र जेके श्रेष्ठको संयुक्त लगानीमा चियालय सुरु गरिएको हो ।

११ वर्षसम्म दक्षिण कोरियामा रोजगारी गरेर फर्किएका श्रेष्ठ र हेटौंडामै सुनचाँदी व्यवसायमा सक्रिय खानबीचको साझेदारीमा झन्डै ६५ लाख रुपैयाँ लगानीमा चियालय स्थापना गरिएको हो । सञ्चालकद्वय श्रेष्ठ र खानले हेटौंडामै केही फरक र स्तरीय काम गर्नुपर्ने सोचका साथ चियालय सुरु गरेको बताएका छन् । ग्राहकका लागि यहाँ सामान्यदेखि उच्चस्तर सम्मका चियाको फराकिलो विकल्प उपलब्ध हुनेछ । हेटौंडाका लागि नौलो मानिएको 'अरेबिक फालाफेल डिश', 'सुईरो टी'सँगको सहकार्यमा विभिन्न फ्लेवर बेस चिया पाइने सञ्चालक श्रेष्ठले जानकारी दिए ।

'हामीले बजारमै पाइने मूल्यमा फरक स्वाद र गुणस्तर दिन खोजेका छौं,' श्रेष्ठले भने, 'यहाँ आउने सबैलाई नयाँ अनुभव दिनेछौं । चिया मात्र होइन, यस क्षेत्रप्रति रुचि राख्नेहरुलाई हाम्रै एकेडेमीमार्फत् तालिम दिने योजना पनि बनाएका छौं । अहिले पनि केहीले तालिम



लिइरहनुभएको छ ।' उनका अनुसार चियालयमा स्थानीय उत्पादन, अर्गानिक सामग्री र वातावरणमैत्री सेवामा विशेष जोड दिइएको छ । बिहीबार चियालयको औपचारिक उद्घाटन हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले गरिन् । उनले यस्ता नवप्रवर्तनमूलक व्यवसायलाई प्रेरणादायी भन्दै प्रशंसा गरिन् ।

'स्वदेशमै व्यवसाय गर्न चाहनेलाई कसैले रोकेर रोकिन्न । जोश, सोच र योजना भए विदेशजस्तै मेहनत नेपालमै गरेर सफलता मिल्छ,' नगरप्रमुख लामाले भनिन्, 'देशमै केही गर्न चाहने युवाका लागि यो उदाहरण बन्नेछ ।' उनले स्थानीय तह युवामैत्री सोच र उद्यमशीलता प्रवर्द्धन गर्ने योजनामा प्रतिबद्ध रहेको स्पष्ट पारिन् । कार्यक्रममा मकवानपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष पवन साक्यले वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै व्यवसाय सुरु गर्नु दूरदृष्टिपूर्ण निर्णय भएको उल्लेख गरे ।

'नेपालमै प्रशस्त सम्भावना छन्,' उनले भने, 'त्यो सम्भावनालाई उपयोग गर्न सोच र साहस आवश्यक पर्छ । जेके र फिरोजले उदाहरणीय काम गर्नुभएको छ ।' बिहीबार औपचारिक उद्घाटन सम्पन्न भए पनि चियालयको 'ग्रान्ड ओपनिङ' कार्यक्रम शुक्रबारका लागि तय गरिएको छ । सेवा शुक्रबार देखि नियमितरुपमा सुरु हुने सञ्चालक खानले जानकारी दिए ।

## दास इम्पोरियमका सञ्चालक माथि कुटपिट

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ हेटौंडा-१० मा राप्तीरोडमा रहेको दास इम्पोरियमका संचालकमाथि कुटपिट भएको छ । राप्तीरोडमा रहेका इम्पोरियमका संचालक विन्दल दासमाथि कुटपिट भएको हो ।


३ वटा मोटरसाइकलमा आएका ८/९ जनाको समूहले उनीमाथि आक्रमण गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए । कुटपिटबाट दासको टाउकोमा चोट लागेको र उनको हेटौंडा अस्पतालमा उपचारमा भइरहेको छ । घटनामा संलग्नको पहिचान भइरहेको र खोजिका लागि प्रहरी परिचालन गरिएको उपरीक्षक खड्काले बताए । घटनाको मकवानपुर उद्योग वाणिज्य संघले विरोध गरेको छ । संघले घटनामा संलग्न दोषिमाथि कडा कारवाहीको माग गरेको छ ।

सामानको मोलमोलाइ नमिलेपछि असन्तुष्ट ग्राहकले योजनाबद्ध घटना गराएको देखिएकोले कानुनी राज्य र अमनचयनमा गम्भीर हुनुपर्ने संघले भनेको छ । संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले जारी गरेको बिज्ञप्तीमा आगामी दिनमा यस्ता घटना नदोहोरिन र आक्रमणकारीलाई कानुनको दायरामा ल्याइ व्यवसायी तथा आमसर्वसाधारणमा फैलिएको त्राश निराकरण गर्दै दोषिउपर कडा कारवाहीको लागि सुरक्षानिकायसमक्ष जोडदार माग गगरिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# सहकारीको अनियमितता छानबीन

नेपालमा सहकारी संस्था स्थापना गर्ने कार्य सकारात्मक सोचका साथ गरिएको थियो । सर्वसाधारणको गाँस काटेर सहकारीमा जम्मा गरेको रकममा ठगहरुको आँखा लागेपछि सहकारी संस्थाप्रतिको बिश्वास पनि गुम्दै गयो । सहकारीमा देखिएका चरम बिकृति निरुत्साहित गर्नुपर्ने सरकारले उल्टै सहकारी ठगलाई संरक्षण दियो । सरकारको भनाइ एकातिर ब्यवहार अर्कोतिर भयो । सानातिना बचतकर्ताले आफ्नो रकम ठगहरुको चंगुलमा परेको थाहा पाएपछि सरकारलाई गुहार्न पुगे तर, सरकारले तीनै ठगको पक्षमा काम गरिरह्यो । बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेको नेसनल नमोबुद्ध र सुमेरु ऋृण सहकारीमा भएको आर्थिक अनियमितताको छनबीनका लागि बाटो खुलेको छ । सहकारी तथा गरिबी निवारण मन्त्रालयले छनबीन गर्न समिति गठन गरेपछि त्यसलाई रोक्न सहकारी व्यवस्थापनपक्ष गत चैत २ गते रिट लिएर सर्वोच्च अदालत पुगेको थियो । सर्वोच्चले रिट खारेज गरेपछि छानबीनको बाटो खुलेको हो । नमोबुद्ध र सुमेरु सहकारीको रिट निवदेन खारेज भएको छ ।

बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेलगत्तै हुने भनिएको छानबीन रोक्न सहकारी व्यवस्थापनपक्ष रिट लिएर सर्वोच्च गएका थिए । रिट सोमबार खारेज भएको हो । सर्वोच्चका न्यायधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको संयुक्त इजलाशले सोमबार रिट खारेज गर्ने फैसला गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले नमोबुद्ध र सुमेरु सहकारीको रिट निवेदन खारेज भएको बताए । नमोबुद्ध र सुमेरु सहकारीको सर्वोच्चमा रिट निवेदन परेको र बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेलगत्तै हुने भनिएको छानबीन रोक्न भन्दै उनीहरु रिट लिएर सर्वोच्च गएका थिए । रिट सोमबार खारेज भएको हो । मन्त्रालयले गत पुस २८ गते ती सहकारीलाई समस्याग्रस्त घोषणा गर्दै आर्थिक अनियमितता छानबीन गर्न समिति गठन गर्ने तयारी गरेको थियो । सर्वोच्चको फैसला हालसम्म प्रदेशस्थित मन्त्रालय भने पुगेको छैन । मन्त्रालयले रिट निवेदन खारेजी फैसला भएको पत्र मन्त्रालय आइनपुगेको बताएको छ । नमोबुद्ध र सुमेरु सहकारीको विषयमा परेको रिट सर्वोच्च अदालतबाट खारेज भएको विवरणको आधिकारिक जानकारी केहीदिनभित्रै आउने निश्चित छ । सर्वोच्चको फैसला मन्त्रालय आइपुगेपछि के कारवाही प्रक्रिया अगाडि बढ्छ त्यो हेर्न बाँकी छ । समस्याग्रस्त घोषणा भएलगत्तै गत पुस २८ गते दुबै सहकारीमा तालाबन्दी गरिएको थियो । तालाबन्दीसँगै कार्यालयबाट कम्प्युटरका हार्डडिक्स र अन्य कागजात जफत गरिएको थियो ।

प्रदेशस्थित सहकारी रजिस्ट्रारको कार्यालयबाटै समस्या समाधान गर्ने वा थप अनुसन्धानका लागि नेपाल प्रहरीलाई सिफारिस गर्ने सम्बन्धमा अध्ययन हुँदै गर्दा व्यवस्थापनपक्ष रिट लिएर सर्वोच्च पुगेका थिए । त्योसँगै सबै प्रक्रिया अवरुद्ध भएको थियो । मन्त्रालयका अनुसार नमोबुद्धले करिब ११ हजार बचतकर्ताको एक अर्ब ५२ करोड डुबाएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । सुमेरुले दुई अर्ब २५ करोड १४ लाख रुपैयाँ अपचलन गरेको बताइएको छ । सुमेरुसँग १३ अर्ब बढीको सम्पत्ति रहेको अनुमान गरिएको छ भने सात अर्बभन्दा बढीको दायित्व रहेको छ । सुमेरुविरुद्ध ८४८ जना बचतकर्ताले उजुरी दिएका छन् । मन्त्रालयको सहकारी महाशाखाका अनुसार हालसम्म बागमती प्रदेशमा ५ वटा सहकारी समस्याग्रस्त घोषित भएका छन् । नेश्नल नमोबुद्ध बचत तथा ऋृण सहकारी संस्था लि. काठमाडौं, लालीगुराँस बचत तथा ऋृण सहकारी संस्था लि. काठमाडौं, सुमेरु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि. ललितपुर, दर्शन बचत तथा ऋृण सहकारी संस्था लि. काठमाडौं र सिभिल बचत तथा ऋृण सहकारी संस्था लि. काठमाडौं समस्याग्रस्त सहकारी घोषणा भएका छन् । बागमती प्रदेशमा रहेका ३ हजार २ सय २९ सहकारीमध्ये जेठ २५ गतेसम्म ३ सय ५१ वटा सहकारीविरुद्ध उजुरी परेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ ३१ गते शनिबार १४ जुन २०२५ । तृतीया, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५९ । विश्व रक्तदाता दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ हुनसक्नेछ | तुला | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| वृष | : काममा सफलता मिल्नेछ | वृश्चिक | : अहंकारको भावले काम विगार्नेछ |
| मिथुन | : अधुरा कामहरु पूरा हुनेछ | धनु | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कर्कट | : स्वास्थ्यको समस्या आउनेछ | मकर | : व्यापार राम्रो चल्नेछ |
| सिंह | : परिवारमा सुखद माहौल रहनेछ | कुम्भ | : मानसिक सन्तोष हुनेछ |
| कन्या | : स्थिति अनुकूल बन्नेछ | मीन | : धन प्राप्ति हुनेछ |

# ५२ वर्षअघि २८ जेठमा विमान विद्रोह हुँदा



धर्म गौतम

एक दिन गिरिजाप्रसाद कोइराला दाइ बनारसबाट नक्सलबारी आइपुग्नुभयो । मलाई एकान्तमा राखेर भन्नुभयो- मैले अर्को सूचना नगरेसम्म तिमी यहाँबाट कतै नजानू । त्यस समयमा उहाँले त्यति भनेपछि किन कसो आदि सोध्न मिल्दैनथ्यो । किनभने त्यस समयमा बीपी कोइरालाको आह्वानमा नेपालमा प्रजातन्त्रको पुन:स्थापनाका लागि सशस्त्र क्रान्तिको तयारी भइरहेको थियो ।यस्तोमा पार्टीले गर्ने सम्पूर्ण गतिविधि भूमिगत हुन्थे । यस्ता गतिविधिमा संलग्न पार्टीका कार्यकर्ता नेपालमा जुनसुकै बेला गिरफ्तारीमा पर्न सक्थे । यसरी गिरफ्तार भएका व्यक्तिबाट गोप्य सूचनाहरू चुहाउन नेपालको पुलिस प्रशासन उनीहरूलाई अकल्पनीय यातना दिन्थ्यो । त्यसैले आवश्यक नै नपरेसम्म एकले थाहा पाएका पार्टीका सूचना र जानकारी अर्कोलाई सुनाउन बन्देज थियो ।

देशभित्र गिरफ्तारीबाट जोगिन निर्वासित भएका कांग्रेसका कार्यकर्ता नेपाल-भारत सीमा नजिक भारतीय भूमिमा विभिन्न ठाउँमा स-साना समूहमा बस्ने गर्थे । यस्ता समूहको आवास स्थानलाई क्याम्प भनिन्थ्यो । पार्टीले दिएको जिम्मेवारी पूरा गर्न उनीहरू एक ठाउँबाट अर्को ठाउँ यात्रा गरिरहन्थे ।यसरी यात्रा गर्दा यथासम्भव पार्टीको क्याम्पमा नै बास बस्ने अभ्यास थियो । यसरी आउजाउ गर्ने परिचित साथीहरूबीच पनि उनीहरूको गतिविधिबारे सोधखोज गर्ने अभ्यास थिएन अर्थात् त्यस्तो सोधीखोजी गर्नु आचारसंहिता विपरित थियो । त्यसैले कहाँबाट आएको, अब कता जाने भन्ने कुरा सम्बन्धित आफैंले भन्यो भने मात्रै अरूलाई थाहा हुन्थ्यो ।गिरिजा दाइले मलाई कतै नजाने त्यो निर्देशन दिएको तीन-चार दिनपछि नक्सलबारी बजारको पश्चिम करिब तीन किलोमिटर जति पर ताराबारी भन्ने बस्तीमा एउटा भाइको विवाह थियो । उनीहरू निरौला भएकाले बेहुलाकी आमालाई म माइजु भन्थें र उनले पनि मलाई भाञ्जै सरह स्नेह गर्थिन् ।

भाइ बहिनी त म भनेपछि हुरुक्कै हुने, मसँग जहिले झुम्मिने । नक्सलबारीमा बस्नु भन्दा पहिले दुई तीन महिना म त्यो बस्तीमा बसेको थिएँ, तिनकै छिमेकमा, स्वतन्त्रता सेनानी नन्दीकेशर दाहालको परिवारसँग ।दुई तीन दिन अगाडिबाटै बिहेमा अहिले आइज, भरे आइज भनेर ताकेता गर्दै थिए । यता गिरिजा दाइको निर्देशनका कारण म चटपट गर्न सकिरहेको थिइनँ । त्यो कुरा उनीहरूलाई भन्न पनि नमिल्ने । कसो कसो गर्दै टार्दै थिएँ । विवाहको अघिल्लो दिन बेलुकी भने साँझतिर पुगें बिहे घरमा साथी राम खड्काका साथ । माइजु लगायत भाइबहिनी रमाए । खाना खाने बेला भएको रहेछ पहिले खानातिरै लागियो । खानापछि आँगनमा चटाइमा बसेर गफिन थाल्यौं । गर्मी उखरमाउलै थियो । छेउमा मधुर स्वरमा गीत बज्दै गरेको रेडियोले नेपालको समाचार भन्न थाल्यो । समाचारमा 'विराटनगरबाट काठमाडौं लैजाँदै गरेको भारू पैसा हवाईजहाज अपहरण गरी भारततर्फ लगेर लुटियो' भनियो ।

समाचार सुन्नासाथ मैले गिरिजा दाइको निर्देशन सम्झें । सँगै गएको साथी र म हतारहतार आफ्नो वासस्थान नक्सलबारीतर्फ लाग्यौं । हामी कोठामा आइपुगेको केही समयपछि मनोहरि बराल र विनोद अर्याल त्यहीं आइपुगे । यतिञ्जेलमा हवाईजहाज अपहरणमा भारत तर्फबाट संलग्न रहेको भनेर यी दुईको नाम रेडियो नेपालले फुकिसकेको थियो । हामी बस्ने घर बस स्ट्याण्ड नजिक बजारकै लाइनमा पर्थ्यो । त्यसभन्दा बाहिरपट्टि अलिक एकलास जस्तो ठाउँमा एउटा एकतले ठूलो पक्की घरमा नेपाली कांग्रेसका नेता फत्तेबहादुर बुढाथोकी बस्थे । त्यता सुरक्षित हुने ठानी हामीले ती दुईलाई बुढाथोकीको घरमा लग्यौं । उनीहरूलाई खाजा खाने व्यवस्था गरेर बाहिरी मूल गेटमा ताला लगाई वातावरण बुझ्न बुढाथोकी बाहिर निस्के । राम र म पनि आफ्नै कोठामा फर्कियौं ।एकैछिन पछि एक हुल हतियारधारी पुलिस आएर हामीसँग सोधखोज गर्न थाले । उनीहरूको आपसको कुरा बुझ्न मैले बंगाली भाषा नबुझ्ने बहाना गरें । राम नबोली बसिरहे । हामी नेपाली कांग्रेसका कार्यकर्ता भएको र दुई-चार महिनादेखि यस घरमा बस्दै आएको बताएँ हिन्दीमा । नेपालमा हवाईजहाज अपहरण भएको तिमीहरूलाई थाहा छैन भनेर हिन्दीमै सोधे । खै, हामीलाई त थाहा भएन भनिदिएँ । हामी बसेको तलामा तीन कोठा थिए, ती तीनै कोठाको मसिनो गरी तलासी लिए । केही फेला परेन । त्यसपछि उनीहरूले फत्तेबहादुर बुढाथोकीको घर जाने बाटो कता हो भनेर सोधे ।

सानो गल्लीबाट एक मिनेट पनि लाग्दैनथ्यो तर बस स्ट्याण्ड घुमेर करिब दश बाह्र मिनेट लाग्ने घुमाउरो बाटो देखाइदियौं र उनीहरू हिंड्नासाथ गल्लीको बाटो भएर बुढाथोकीको घर पुग्यौं । बुढाथोकीलाई सबै कुरा बताएर केही सल्लाह गर्‍यौं । त्यसपछि बाहिरको गतिविधि निगरानी गर्न कोठा र मूल गेटमा समेत बाहिरबाट ताला लगाई बुढाथोकी बाहिरिए । ठूलो कम्पाउण्ड भएको पक्की घर थियो । घरको पछाडिको भाग अंग्रेजी यू आकारको थियो । दुई छेउका दुई कोठा कम्पाउण्ड वालमा जोडिएका थिए । बीचको भाग खुला आँगन थियो र त्यसको बीचमा पानीको इनार । घरको पछिल्लो कम्पाउण्ड वाल पछाडि डम्पिङ साइट जस्तो फोहोरको डङ्गुर थियो र त्यता बस्ती नभएकाले अँध्यारो पनि । कम्पाउण्ड वालको माथि फुटेका सिसाहरू गाडिएका थिए । भुइँमा ओछ्याउने जूटको ठूलो चटाई पट्याएर त्यसलाई साथी राम खड्काले मेरो काँधमा चढी ती सिसामाथि राखेर त्यहाँ नघोच्ने बनाए । त्यसपछि मैले मनोहरि र विनोदलाई काँधमा चढाउँदै पर्खाल नघाएर कम्पाउण्ड बाहिर फोहोरको डङ्गुरतिर झर्न सहयोग गरें । विनोद त सानो कदका सजिलै माथि चढाइयो । मनोहरि भने ज्याङ्गो, काँधै भाँचिएला जस्तो भयो । त्यसपछि रामको काँधमा चढेर म पर्खालको माथि उभिएँ । रामले बस्ने दुई मूढा खापेर त्यसमाथि उभिई हात उँभो बढाए । मैले हातमा समाएर उनलाई तानें र चारै जना बाहिरपट्टि फोहोरको डङ्गुरमा उभिन पुग्यौं । त्यहाँबाट छलिंदै छलिंदै रेलवे स्टेशन के पुगेका थियौं, आसाम रेल आएर रोकियो । हतारहतार तिनलाई रेल चढाएर हामी पुन: आफू बस्ने घरमा आयौं र साथीहरूलाई जोगाएर त्यहाँबाट पठाउन सकेकोमा दङ्ग पर्दै गफिन थाल्यौं ।

भोलिपल्ट थाहा भयो, बुढाथोकी बसेको घरको मूल गेटमै भोटे ताल्चा लागेको देखेपछि तीन चार पुलिसलाई त्यहाँ उभिन लगाएर अरू पुलिस बुढाथोकीलाई यताउता खोज्न थालेछन् । बुढाथोकी भने छेवैको एउटा घर भित्रबाट निगरानी गरिरहेका थिए । हामीले पर्खाल नाघ्न थालेपछि भुस्याहा कुकुर खुब भुकेका थिए । हामी अलिक पर पुगेपछि ती भुक्न छाडे । कुकुर शान्त भएपछि मनमनमा अब साथीहरूले बाटो तताइसके भन्दै बुढाथोकी बाहिर निस्केछन् । पुलिसहरूसँग उनको भेट भयो । तिनले घर खोल्न लगाएर तलासी लिएछन् र केही फेला नपरेपछि त्यसै फर्केछन् । २०१७ साल पुस १ गते सैनिक बलका आधारमा राजा महेन्द्रले नेपाली जनतामाथि लादेको निरङ्कुश पञ्चायती व्यवस्थालाई परास्त गरेर प्रजातन्त्रको पुन:स्थापनाका लागि बीपी कोइरालाले सशस्त्र क्रान्तिको आह्वान गर्नुभएको थियो । त्यसका लागि आवश्यक संगठन भूमिगत रूपमा भइरहेको थियो । तर संगठन विस्तार, निर्वासित कार्यकर्ताका लागि खाने-बस्ने व्यवस्था, आवश्यक हतियारको जोहो आदिका लागि ठूलो धनराशि आवश्यक हुन्थ्यो तर त्यसको कुनै स्रोत उपलब्ध थिएन । त्यसका लागि उपायको खोजी भइरहेको थियो ।

यसैबीच विराटनगरस्थित राष्ट्र बैंकबाट आवधिक रूपमा भारू पैसा हवाईजहाजबाट काठमाडौं लगिने गरिन्छ भन्ने जानकारी मिल्यो । अनि यस्तो जहाज अपहरण गरेर त्यसमा रहेको पैसा कब्जामा लिने योजना बन्यो । त्यो योजना कसरी कहाँ बन्यो र जहाज अपहरण कसरी गरियो भन्ने विवरण अपहरणकर्ता मध्येका दुर्गा सुवेदीले 'विमान विद्रोह' नामक आफ्नो पुस्तकमा खुलाएका छन् । उता भारतको फारबिसगञ्ज बजारभन्दा केही पर एउटा ठूलै मैदान छ । प्रथम र दोस्रो विश्वयुद्धमा विमानस्थलका रूपमा प्रयोग भएको त्यो मैदान उस बखत गौचरनका रूपमा थियो । त्यसको हेरचाहका लागि एउटा चौकीदारको व्यवस्था थियो ।

२०३० साल जेठ २८ गते बिहान तीन चार मानिस एउटा जीप लिएर त्यहाँ पुगे र चौकीदारलाई आफूहरू पिकनिक खान नेपालतिरबाट आएको बताए । एक छिन गफ गरेपछि खानेकुराको यौटा सूची र पैसा हातमा थमाएर चौकीदारलाई बजारतिर पठाए । त्यो चौकीदार बजारबाट फिर्नु अघि नै मैदानबाट अलिक पर आकाशमा एउटा विमान देखापर्‍यो । जीपमा गएका ती मानिसमध्ये एकले आफूले लगाएको शर्ट फुकालेर संकेतका रूपमा हावामा हल्लाए । त्यो जहाजले आएर त्यही मैदान छोयो र अगाडि गुड्न थाल्यो । जहाजसँगै जीप पनि त्यही दिशामा गुड्यो । अलिक पर पुगेर रोकिएको जहाजको ढोका खुल्यो, त्यसबाट एक युवा ओर्लिए । उता जीपका मानिस पनि जहाजको ढोकामा पुगे । जहाजबाट टिनका ठूला दुई बाकस झारियो । ती बाकससँगै जहाजबाट अरू दुई युवा पनि ओर्लिए । जहाज फेरि गुडेर केही अगाडि गई आकाशतिर उड्यो । ती बाकसलाई जीपमा राखियो र त्यो जीप पनि अर्को दिशातिर हान्नियो । दौडिंदै चौकीदार फर्की आयो । सँगसँगै पुलिसका दुई वटा जीप आइपुगे मैदानमा । जहाज अवतरण भएका ठाउँमा त्रिपालले छोपेको केही वस्तुजस्तो देखियो । पुलिसले आपसमा केही कुरा गरेपश्चात् चौकीदारले एउटा बाँसको लामो टाँगो लिएर आयो । त्यस टाँगाले सावधानीपूर्वक टाढैबाट बिस्तारै त्रिपाल हटाएपछि त्यहाँ एउटा टोकरी देखियो । नजिक गएर हेर्दा आँपले भरिएको थियो । यति गरिसक्दा करिब आधा घण्टा बित्यो । अघिको जीप कता गयो कसैलाई पत्तो भएन । पछि थाहा भए अनुसार जहाजबाट बाकस झिक्दा अगाडिपट्टि रहेको कसैको त्यो आँपको टोकरी पनि हटाउनु परेको रहेछ । पछि त्यसलाई जहाजमा हालिरहने कुरा भएन । कसैको दिमागमा के फुर्‍यो- त्यस टोकरीलाई त्रिपालले छोपिदिए । त्यसैमा पुलिस नराम्ररी अल्झियो ।

तत्कालीन शाही नेपाल वायु सेवा निगमको ट्विनअटर विमान विराटनगरबाट काठमाडौंका लागि उडेको थियो । त्यस विमानमै काठमाडौं जाने यात्रुका रूपमा रहेका तीन युवाले त्यस विमानलाई अपहरण गरी फारबिसगञ्जको त्यो चौरीमा अवतरण गराएका थिए । त्यस विमानबाट झिकिएका दुई बाकसमा ३० लाख भारू पैसा थियो । नेपालको इतिहासमा यो पहिलो र अहिलेसम्मको एक मात्र हवाई अपहरण हो । यो अपहरणमा संलग्न तीन तरूणहरू थिए: दुर्गा सुवेदी, वसन्त भट्टराई र नगेन्द्र ढुङ्गेल । जहाजमा त्यही दिन पैसा लगिने जानकारी विरटनगरस्थित नेपाल राष्ट्र बैंकमै कार्यरत अर्का तरूण मदन अर्यालले दिएका थिए । त्यो घटनापश्चात् मदनलाई चरम यातनाका साथ बन्दी बनाइएको थियो । उता भारतमा पैसा कब्जामा लिने समूहमा मनोहरि बराल, विनोद अर्याल, सुशील कोइराला, चक्र बाँस्तोला आदि थिए । यस सन्दर्भमा चक्र बाँस्तोलाले दार्जीलिङमा भाडामा लिएको घरका धनी एलपी शर्मा र फारबिसगञ्जमा रहेको एक मोटर ग्यारेजका धनी गणेश मिस्त्रीलाई समेत भारत सरकारले गिरफ्तार गरेर पूर्णियाको अररिया कोर्ट जेलमा राखेको समयमा यो पंक्तिकार पनि विस्फोटक पदार्थका साथ गिरफ्तार भएर केही समय उनीहरूका साथ त्यही जेलमा रहन पुगेको थियो । गणेशजीको त्यस घटनामा अप्रत्यक्ष संलग्नता रहे पनि विचरा शर्माजीले अनाहकमा कष्ट झेल्नु परेको थियो ।

चक्रको कोठाबाट एक लाख ६० हजार रुपैयाँ बरामद भएको तर त्यस बखत त्यहाँ चक्र नभएका कारण घरधनी शर्माजीलाई गिरफ्तार गरिएको रहेछ । हवाईजहाज अपहरणमा प्रयोग भएको गिरिजा दाइको जीपलाई पुलिसको गाडीको स्वरूप दिने काम गणेशजीको वर्कशपमा भएको रहेछ । त्यो जीपलाई पुलिसले सिलिगुडीमा राखेको ठाउँबाट आफ्नो कब्जामा लिएको थियो । त्यो हवाईजहाज र त्यस जीपलाई सुन्दरीजलस्थित बीपी संग्रहालयमा राखिएको छ ।आज जेठ २८ गते । यो त्यही ऐतिहासिक दिन हो तर प्राय: सबैले यस दिनलाई बिर्सिसकेका छन् । अहिले मानिसले बिर्सिए पनि यो दिन नेपालको इतिहासमा महत्वका साथ उल्लिखित छ । यो दिन युवाहरूका लागि प्रेरणादायी दिन हो । विद्रोहको प्रतीकका रूपमा मनाउनुपर्ने दिन हो । युवाहरूले आँटे भने जस्तै कठिन कार्यलाई पनि सफलता दिन सक्छन् भनेर सम्झाउने एउटा गतिलो दिन हो ।

यो दिनलाई अविस्मरणीय बनाउने निकै पात्रहरूले यस संसारबाट विदा लिइसकेका छन् । यस्ता ऐतिहासिक महत्वका घटनाको चर्चाले नयाँ पुस्तालाई इतिहास निर्माणका सङ्गीन मोडहरूबारे जानकारी हुन्छ । घटनामा प्रत्यक्ष/परोक्ष संलग्नले दिएको यस्तो आधिकारिक जानकारी उनीहरूका लागि रोचक हुनसक्छ । अहिले देशमा गणतन्त्र छ । सर्वत्र स्वतन्त्रताको वातावरण छ । कुनै पनि विषयमा बोलेर, लेखेर आफ्नो अभिमत जाहेर गर्न सक्छौं । बहस र विवाद गर्न सक्छौं । सरकारका जनविरोधी नीतिको आलोचना गर्न सक्छौं । त्यसको विकल्प प्रस्तुत गर्न सक्छौं । त्यसो गर्दा सरकारले सुनेन भने विरोध गर्न सक्छौं, सभा गर्न सक्छौं, धर्ना र जुलुस गर्न सक्छौं । शान्तिपूर्ण आन्दोलन गरेर सरकारलाई घुँडा टेकाउन सक्छौं । यसो गरेबापत कसैले थप कुनै मूल्य चुकाउनुपर्दैन किनभने हाम्रो संविधानले नै नागरिकलाई यस्तो अधिकार दिएको छ, उनीहरूलाई सार्वभौम मानेको छ । तर विगतमा सधैं यस्तो थिएन ।

राणा शासनको त कुरै नगरौं, पञ्चायती राजमा र राजाका शासनमा नागरिक हकका लागि बोले बापत दण्डित हुनुपर्थ्यो । विरोध सभा र जुलुस त कल्पना बाहिरका कुरा थिए । मानिस यति आतङ्कित रहन्थे, भित्ताको पनि कान हुन्छ भनिन्थ्यो । त्यो कालरात्रिलाई हटाएर आजको यस्तो उल्लासमय दिन ल्याउन निकै लामो र धेरै कठोर संघर्ष गरेका छन् अग्रजहरूले । उनीहरूले ज्यानको बाजी थापेर उठाएका जोखिमयुक्त कदमका बारेमा सुन्दा नै आङ जिरिङ्ग हुन्छ । तर अब ती प्रसङ्ग भन्ने, सुनाउने मानिस खोज्नुपर्ने हुन थालेको छ ।

*(साभार: अनलाइनखबर)*

# नेतृत्ववर्ग नसच्चिँदाको उपज : व्यवस्थाप्रति निराशा

शंकरनाथ काफ्ले

२००७ सालमा प्रजातन्त्रको उदय भएको घोषणा गरियो । हुन त सात सालअघि पनि श्री ३ महाराजहरुले श्री ५ महाराजधिराज सरकारको हुकुम प्रमाङ्गी लिएर पञ्चायत खडा गरी लोककै लागि राज्य गरेको भन्ने गर्दथे, यद्यपि त्यो व्यवस्था पूर्ण निरंकुश थियो, जनता रैती कहलिन्थे । सात सालमा प्रजातन्त्र आयो, राजतन्त्रमा जनतालाई प्रजा भनिने भएको कारण २००७ सालमा आएको परिवर्तनपछि व्यवस्थालाई प्रजातन्त्रको संज्ञा दिएको हुनुपर्दछ । राजामा पलाएको शक्ति सञ्चयको मोहले १७ सालमा प्रजातन्त्रको अन्त्य भई पूर्णरुपमा राजतन्त्रको शुरुवात हुन पुग्यो ।

१७ सालमा राजतन्त्रको घोषणा हुँदै गर्दा प्रजा वा जनताकै हितमा शासन गर्ने उद्देश्य राखिएको भए पनि, प्रजालाई वास्तवमा रैतीकै दर्जामा राख्ने कार्य भएको थियो । राजा र राजनीतिक दलहरुबीच ४६ सालसम्म राजनीतिक द्वन्द्व चलिरह्यो । राजनीतिक दलले वास्तवमा समग्र नेपाली जनताको प्रतिनिधित्व गर्ने विश्वास जगाउन सकेको थियो । तसर्थ दलको विद्रोहले जनआन्दोलनको रुप लिन पुग्यो । २०४६ सालको जनआन्दोलनपछि मुलुकमा प्रजातन्त्रको पुनर्स्थापना भएको घोषणा गरियो । फेरि पनि संवैधानिक राजतन्त्रले सक्रिय राजतन्त्रको अभिलाषा राख्यो ।

परिणामत: २०६२ ।०६३ मा दोस्रो जनआन्दोलनको आवश्यकता पर्‍यो । जनता सडकमा ओर्लिए । दोस्रो जनआन्दोलनको सफलतापछि मुलुकबाट राजतन्त्रको अन्त्य भई लोकतन्त्रको अभ्यास शुरु हुन पुग्यो । २०७३ सालमा संविधान सभाबाट नयाँ संविधान जारी भएपछि लोकतन्त्रको साटो गणतन्त्रको घोषणा हुन पुग्यो । आज हामी प्रजातन्त्र भन्न रुचाउँदैनौं, लोकतन्त्र भन्दै गर्दा कतै गणतन्त्र ओझेलमा पर्ने हो कि भन्ने शंका गर्दै छौं । राजनीतिक परिवर्तनको आजसम्मको इतिहासलाई हेर्ने हो भने नेपाली जनताले सधैं राजनीतिक दललाई आफ्नो वास्तविक प्रतिनिधिको रुपमा स्वीकार गरेको पाइन्छ तर राजनीतिक दलले भने आफ्नो स्वार्थको लागि जनतालाई खण्डित पार्ने कार्य गरिरहेको पाइन्छ । जनता खण्डित हुनु भनेको जनतामा निहित सार्वभौमसत्ता कमजोर पार्नु हो । जनतामा निहित सार्वभौमसत्ता कमजोर पार्न सकियो भने शासक बलियो हुन्छ, शासक बलियो भयो भने ऊ जिम्मेवार हुनुभन्दा बढी निरंकुश हुने चाहना राख्छ र त्यसमा ऊ सफल पनि हुन्छ ।

आज जनतामा निहित सार्वभौमसत्ता भन्ने संवैधानिक व्यवस्थालाई हामीले आफ्नो स्वार्थको लागि प्रयोग गरिरहेका छौं । यसकारण जनता अलमल्लिरहेका छन्, वास्तवमा आफ्नो अधिकार के हो भनेर । के जनता वास्तवमै सार्वभौम छन् त ? कतै जनतालाई खम्बामा बाँधेर उनीहरुको अधिकारलाई खाली कागजमा औंठाको छाप लगाई कसैले अपहरण त गरिरहेको छैन ? यस्तै प्रश्नले नागरिकलाई डसिरहेको हुँदा कतै आज यत्रतत्र राजसंस्थाको पुनर्स्थापनाको प्रसंग चलमलाइरहेको त होइन ? पूरक प्रश्न जन्मिरहेको छ । नेपालको संविधानलाई अग्रगामी संविधान मानिएको छ । समय सन्दर्भ यसमा केही सुधार गर्नुपर्ने आवश्यकता देखिए पनि यसले आफ्नो प्रस्तावनामा उल्लेख गरेका कुराहरुमा सुधार वा संशोधन गर्नुपर्ने आवश्यकता देखिँदैन । बरु संविधानको प्रस्तावनामा उल्लेख भएका कुराहरुको पूर्ण कार्यान्वयनमा सबै पक्ष इमानदार भएर अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ । संविधानको प्रस्तावनाको शुरुवात नै हामी सार्वभौमसत्ता नेपाली जनता भन्ने वाक्यांशबाट शुरु भएको छ ।

आज जनताले प्रश्न गरिरहेका छन्- के हामी सार्वभौम छौं ? विश्व मानचित्रमा मुलुकको हैसियतले नेपाल अवश्य सार्वभौम छ तर नेपाली जनतामा निहित सार्वभौमसत्ता अधिकार नेपाली जनतामा नै छ त ? शासकहरुले नेपाली जनतालाई सार्वभौम मानेर जनताको हित, चाहना र आवश्यकता के हो भन्ने बुझेर काम गरिरहेका छन् त ? कि जनतालाई कुन ढंगबाट शोषण गर्ने, कुन ढंगबाट कमजोर बनाइराख्ने र कुन माध्यमबाट दास मानसिकतामा जकडाइराख्ने भन्ने सोच हाबी भइरहेको छ ? वास्तवमा के शासकहरु जनताप्रति जिम्मेवार भएर शासन सञ्चालन गरिरहेका छन् त ? गम्भीर प्रश्नहरु खडा भएका छन् नेपाली जनताको मानसपटलमा ।

संविधानको प्रस्तावनामा नै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका र कानुनी राज्यको अवधारणालगायत लोकतन्त्रको मूल्य-मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने भन्ने संकल्प बोकेको छ । संविधानमा जे-जस्तो संकल्प बोकेको भए पनि बहुदलीय लोकतान्त्रिक शासन प्रणालीमा मात्र जिम्मेवार राजनीतिक दलहरु बढी फोकस भएका देखिन्छन् ।

राजनीतिक दलहरुले संविधानमा उल्लेख भएका अन्य व्यवस्थाहरुलाई आफ्नो पोल्टामा पारेर शक्तिको दूरुपयोग मात्र होइन लोकतन्त्रको धज्जी उडाइरहेका छन् । यसकारण संविधान, संविधानका प्रावधान, संवैधानिक लक्ष्य सबै एकातिर, राजनीतिक दलहरुको स्वार्थ अर्कोतिर भएको कारण वास्तवमा जनतालाई उठाउने संकल्पहरु ओझेलमा परेका छन् । ओझेलमा मात्र होइन कि ती सम्पूर्ण अवयवहरुको चिरहरण भैरहेका छन् । यसकारण हिजोको राजतन्त्र र आजको गणतन्त्रमा जनताले कुनै भेद छुट्याउन सकिरहेका छैनन । आफ्नैबाट धोखाको अनुभव गरिरहेका छन्, तसर्थ लोकतन्त्रलाई समाप्त पार्न चाहने तत्वहरु सलबलाइरहेका छन् ।

विडम्बना नै मान्नुपर्दछ कि कसरी सत्तामा पुग्ने, कसरी सत्तामा टिकिरहने, सत्तामा पुग्नको लागि कुन शक्तिलाई प्रयोग गर्ने, भोलि सत्तामा रहिरहनको लागि आज कुन शक्तिको अस्तित्वलाई समाप्त पारिदिने भन्ने खेल खेल्ने कार्य मात्र राजनीतिक दलहरुको चरित्र बनेको छ । नेपाली जनताको आशा, भरोसा र सपनालाई फुटबल ठानेर कहिले एकले अर्कोलाई पास गरेकोझैं गर्ने, कहिले मौकाको फाइदा उठाएर पेनान्टी हानेझैं गर्ने, कहिले फल हान्ने र केही लागेन भने जनताको सपनारुपी बल थ्रो गरिदिने ।

*(साभार: न्यूज अफ नेपाल)*

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)

# मातृभूमि लघुवित्त वित्तीय संस्था लि.

# Matribhumi Laghubitta Bittiya Sanstha Ltd.

Corporate Office: Budhanilkantha-7, Kathmandu, Tel.: +977-01-4372274 | Head Office : Lamkichuha-4, Kailali, Tel.: +977-091-419068 | Email: info@matribhumimf.com.np
Website: matribhumimf.com.np

(साबिकको किसान लघुवित्त वित्तीय संस्था लि. र साबिकको जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिएर बनेको संस्था

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०२/३० गते**

उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाका तपसिलमा उल्लिखित सदस्यहरुले संस्थाको विभिन्न शाखा कार्यलयहरुबाट कर्जा कारोबार गरी संस्थाको नियमानुसार तिर्नु बुझाउनु पर्ने मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक रुपमा सावाँ व्याज बिगत लामो समयदेखि तिर्न बुझाउन आलटाल गरेको, पटक पटक लिखित तथा मौखिक रुपमा तरताकेता गर्दा समेत कर्जा तिर्न बुझाउनतर्फ कुनैपनि चासो नदिएका कर्जाको भाखा नाघेका ऋणी सदस्यहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम खराब वर्गमा वर्गीकरण भएको तथा कर्जा लिंदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्त बन्देजहरु समेत उल्लङ्घन गरेको हुँदा तपसिलमा उल्लिखित ऋणी तथा धनजमानी कर्ताहरु लाई ३५ दिनभित्र सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गरि आफ्नो तिर्नु बुझाउनु पर्ने सम्पुर्ण बक्यैता (सावाँ व्याज र हर्जना व्याज) रकम तिर्न बुझाउनु हुन जानकारी गराइन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले "घ" वर्गको इजाजत पत्र पाप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशन, २०७९ र संस्थाको कर्जा नीति, २०८१ बमोजिम थप असुलीप्रकृया अवलम्वन गरिने र यसै सूचना लाई आधार मानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को परिच्छेद ०८ वमोजिम थपचल अचल सम्पति रोक्का राख्नुका साथै नेपाल राष्ट्र बैंक बाट "घ" वर्गका इजाजत पत्र पाप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकिकृत निर्देशन २०७९ कोनिर्देशन नं.११ वमोजिम तपाई ऋणी तथा धनजमानी कर्ताहरुलाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाइने भएकाले यसबाट ऋणी र जमानी कर्ताहरुलाई पर्न जाने व्यक्तिगत तथा सामाजिक रुपमा कुनै पनि किसिमको असर परेमा वित्तीय संस्था जवाफदेहि नहुने र असुली प्रकृया अवलम्वन गर्दा लागेको सम्पुर्ण खर्च रकम समेत सम्बन्धी ऋणि बाट नै असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय | ऋणीको नाम | बाबुको नाम | श्रीमान/ श्रीमतिको नाम | बाजे ससुराको नाम | स्थाई ठेगाना | ना.प्र.न./ जारि जिल्ला | ना.प्र.प जारी मिति | जमानिको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मनहरी | टेरिसा बस्नेत | सुरेन्द्र पुडासैनी | राज कुमार बस्नेत | अनिल कुमार बस्नेत | मनहरी गा.पा.९ खरङ्गा | ३१-०१-७४-१२०४० मकवानपुर | २०७४/१०/१२ | राज कुमार बस्नेत |
| २. | मनहरी | सुश्री सिता नेपाल | मान बहादुर नेपाल | चन्द्र बहादुर सुनार | हर्क बहादुर सुनार | मनहरी गा.पा.९ खरङ्गा | ५२१०/६३१० सुनसरी | २०५३/१२/०५ | निरमाया सुनार |
| ३. | मनहरी | सुसीला मुक्तान | डम्बर सिह बज्यू | दिल कुमार मुक्तान | राम बहादुर मुक्तान | मनहरी गा.पा.३ लामिटार | ३१-०१-७१-००७६६ मकवानपुर | २०७१/०१/२२ | |
| ४. | मनहरी | बिष्णुमाया राई | श्क्र बहादुर पाखीन | झलक राई | तुला बहादुर राई | मनहरी गा.पा.३ लामिटार | १०२०/६८७०० मकवानपुर | २०६६/११/०६ | बसन्ति वाइबा |
| ५. | मनहरी | रेखा राई | सन्त राम प्रजा | सुरेश राई | विर बहादुर राई | मनहरी गा.पा.३ लामिटार | ३१-०१-७३-१५२११ मकवानपुर | २०७३/१२/३१ | ठुलिमाया प्रजा |
| ६. | मनहरी | संगिता अधिकारी | दिल बहादुर ब्लोन | सानु बाबु अधिकारी | भेष बहादुर अधिकारी | मनहरी गा.पा.९ रजैया | ३१-०१-७३-०६०६० मकवानपुर | २०७३/०५/०७ | सानु बाबु अधिकारी |
| ७. | मनहरी | चम्पा कलवारिन | नाथुनि शा | रामजी कलवार | मेहर साह कलवार | माहागढिमाई न.पा | १८/३२ बारा | २०४६/०२/१९ | रामजी कलवार |
| ८. | मनहरी | शान्ति माया प्रजा | बज्र लाल प्रजा | जिवन प्रजा | हिम लाल प्रजा | मनहरी गा.पा.३ लामिटार | ३१-०१-७३-०६०५५ मकवानपुर | २०७३/०५/०७ | राधिका प्रजा |
| ९. | मनहरी | गेमा माया मुक्तान | राम बहादुर मुक्तान | दिपक सिं. तितुङ | दोर्जे तितुङ | मनहरी गा.पा.४ मसिने | ३११०२०/५८७२१ मकवानपुर | २०६५/१२/१९ | दिपक सिं. तितुङ |
| १०. | सन्तपुर रौतहट | नुरुन नेसा | ईर्साद फकिर | गुलसहन देवान | सतार देवान | वृन्दावन-६, कन्चनपुर, रौतहट | ३२३०८४/१३१५, रौतहट | २०६४/०१/१४ | गुलसहन देवान |
| ११. | सन्तपुर रौतहट | कमरुन नेसा | अलाउदीन साह | फुल महम्द देवान | सतार देवान | वृन्दावन-६, कन्चनपुर, रौतहट | ३२३०८४/११७३ रौतहट | २०६४/०१/१४ | फुल महम्द देवान |
| १२. | सिम्रौनगढ, बारा | श्रीपति देबी | विगन हजरा दुसाद | विजय हजरा दुसाद | प्रहलाद हजरा दुसाद | अमृतगंज-०४, बारा हाल सीम्रौनगढ, न.पा.०२ | ३३१००२/३८७०७, बारा | २०७०/०३/१८ | विजय हजरा दुसाद |
| १३. | सिम्रौनगढ, बारा | ललीता देबि | जगदिश प्रसाद कुशवाहा | नागेशवर प्रसाद | बासदेव महतो कोईरी | खजानी-०६ बारा हाल सीम्रौनगढ, नगरपालीका-०७ | ३३३००२/२१६, बारा | २०६३/१०/२९ | नागेशवर प्रसाद |
| १४. | सिम्रौनगढ, बारा | विगनी देबि | अकलु महरा | राजदेव महरा | दोरीक महरा चमार | सोनरनीया-७ रौतहत, मौलापुर नगरपालीका -०९ | ३२३३८/६३४, रौतहत | २०६३/१२/२७ | राजदेव महरा |
| १५. | सिम्रौनगढ, बारा | प्रतिमा देबि | राजहरण साह | रामबिलास साह कानु | झिगुर साह कानु | पकडिया ०३ , हाल,बारा पचरौता नगरपालीका -०५ | ३३३०४१/११०, बारा | २०६३/१०/०५ | रामबिलास साह कानु |
| १६. | सिम्रौनगढ, बारा | चन्दा देबि राम | बैजनाथ हजरा | बुदन महरा चमार | नन्दु महरा चमार | बारा,हरिहरपुर-०५ हाल सीम्रौनगढ, नगरपालीका-०४ | ३३-०१-७५-०२८६८, बारा | २०७५/०३/२० | बुदन महरा चमार |
| १७. | बढनिहार पर्सा | कामलेश्वर प्रसाद कलवार | अमीरीलाल सा कलवार | वविता देवी कलवार | धनराज साह कलवार | महुवन -२, पर्सा | ८४/५७९४११८७, पर्सा | २०४०/१०/१६ | ववितादेवी कलवार |
| १८. | बढनिहार पर्सा | उपेन्द्र प्रसाद कलवार | रामानन्द साह | मम्ता देवी | सहदुली साह कलवार | महुवन-१, पर्सा | ५६९४१९७४/पर्सा | २०६३/०६/१० | जितेन्द्र साह कलवार |
